
# यशोदा फुड्स प्रा.लि.को प्रेस विज्ञप्ति

यशोदा फुड्स प्रा.लि. नेपालमा करेन्ट ट्रेडमार्क अन्तर्गत विभिन्न स्वादका चाउचाउ, चिजबल्स तथा स्न्याक्स उत्पादन गर्ने नेपालकै प्रतिष्ठित कम्पनी हो । कम्पनीका उत्पादनहरु नेपालमा मात्र नभई भारत, अमेरिका, जापान, कोरिया, युरोपेली मुलुकहरु, अफ्रिकी मुलुकहरु लगायत विश्वभरका थुप्रै मुलुकमा उल्लेख्य मात्रमा विक्री वितरण भइरहेका छन् । कम्पनीले उद्योग विभागबाट विभिन्न मितिमा दर्ता नं. ०५६९३९, ०५६९४१, ०६०९२४, ०६०९२५, ०६०९२८ लगायतबाट ट्रेडमार्क करेन्टको दर्ता प्राप्त समेत गरिसकेको छ । कम्पनीले लामो समयको अनुसन्धान तथा विकास (R & D) मा ठूलो धनराशी लगानी गरेर उच्च गुणस्तरीय उत्पादन बजारमा पठाउन सफल भएको छ ।

नेपालमा मात्र नभई विश्वका थुप्रै मुलुकका उपभोक्ताले समेत **करेन्ट** ट्रेडमार्क अन्तर्गतका उत्पादनहरुलाई यसको गुणस्तर र स्वादका कारण अत्यधिक रुचाइएको छ । यसै अवस्थामा सिजी फुड्स (नेपाल) प्रा.लि.ले यस कम्पनीले उत्पादन तथा विक्री वितरण गर्दै आएको तपसिलको लेबलेको करेन्ट चाउचाउ अन्तर्गतको उत्पादनको विक्री वितरणमा रोक लगाई पाऊँ भनी उद्योग विभागमा दिएको उजुरीको दावी नपुग्ने र यस कम्पनीले दर्ता माग गरेको ट्रेडमार्क दर्ता हुने भनी उद्योग विभागबाट २०८०/०२/२९ मा फैसला भएको थियो । उद्योग विभागको निर्णय उपर सिजी फुड्स (नेपाल) प्रा.लि. ले सम्मानित उच्च अदालत पाटनमा पुनः करेन्ट चाउचाउको उत्पादन विक्री वितरण रोकी पाउन अन्तरकालीन आदेश माग गरी दायर गरेको निवेदनमा सम्मानित उच्च अदालत पाटनको संयुक्त इजालसलेसुनुवाई गर्दै 'यस अदालतबाट विवादित विषयमा अर्थात् विपक्षीले दर्ता माग गरेको आवेदन नं. ०९८२२२ मा उल्लिखित ट्रेडमार्कका हकमा शुरु तहले गरेको निर्णयको न्यायिक परिक्षण भई अन्तिम टुङ्गो लाग्न समेत बाँकी रहेको अवस्था हुँदा उद्योग विभाग त्रिपुरेश्वर, काठमाडौंबाट मिति २०८०/०२/२९ मा भएको निर्णय प्रस्तुत मुद्दाको फैसला नहुँदासम्म कार्यान्वयन नगरी यथास्थितिमा राख्न उपयुक्त हुने देखिन आयो ।'' भनी भएको आदेशको गलत व्याख्या गरी विभिन्न सञ्चारमाध्यममा यस कम्पनीको उत्पादनको विक्री वितरणमा उच्च अदालतले रोक लगाएको भनी दुष्प्रचार गरेको कुरामा यस कम्पनीको गम्भीर ध्यानाकर्षण भएको छ ।

उच्च अदालतले सुरु उद्योग विभागको निर्णय कार्यान्वन नगर्न अर्थात् विवादित लेबलको दर्ता प्रमाणपत्र दिने कार्य रोक्न मात्र आदेश गरेको विषयलाई गलत व्याख्या गरी विक्री वितरणमै रोक लगाएको भन्ने भ्रामक समाचारमा कुनै सत्यता नरहेको हुँदा हामी हाम्रा सम्पूर्ण उपभोक्ता, ग्राहक वर्ग, व्यापारी वर्ग तथा डिलरहरुसमक्ष उक्त भ्रामक समाचारको पछि नलागी निरन्तर उपभोग तथा विक्री वितरण गरिरहन हुन समेत अनुरोध गर्दछौं ।



मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २३१(ख) तथा दफा १५६ समेतको रोहमा उधोग विभाग त्रिपुरेश्वर काठमाडौंबाट मिति २०८०।०२।२९ मा भएको निर्णय प्रस्तुत मुद्दाको फैसला नहुँदासम्म कार्यान्वयन नगरी यथास्थीतीमा राख्न उपयुक्त हुने देखिन आयो। तसर्थ, विचाराधिन पुनरावेदनको रोहबाट निरोपण गर्न पर्ने विवादको विषयवस्तुको हकमा प्रस्तुत मुद्दाको टुङ्गो नलागेसम्म विचाराधिन विषयवस्तुहरु यथास्थितीमा राखी कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरुको नाममा अन्तरकालिन आदेश जारी गरिदिएको छ।

ब्रजेश प्याकुरेल
(न्यायाधीश)

ध्रुवराज नन्द
(न्यायाधीश)

ईति सम्वत् २०८० साल पौष महिना ११ गते रोज ४ शुभम्...............................।




यशोदा फुड्स प्रा.लि.
रुपन्देही, नेपाल